"कृषि र पर्यटनमा आधारित समृद्ध मोलुङ"

# मोलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ओख्लढुङ्गा

प.सं: २०८१/०८२

सू.नं.: ६९

कोशी प्रदेश, नेपाल

मितिः २०८२/०३/२५

ने.स. ११४४ दिलाथ्व १४, बुधवार

**जनप्रतिनिधि र कर्मचारीले आर्थिक वर्ष २०८१/०८२ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धी सूचना !**

(सूचना प्रकाशित मितिः २०८२/०३/२५ गते)

(ने.सं. ११४५ दिल्लाथ्व १४ बुधवार)

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१), निजामती सेवा ऐन, २०४९ को दफा ५४ तथा निजामती सेवा नियमावली, २०५० को नियम ११८ को उपनियम (१), कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०५० को दफा ८४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका सम्पूर्ण कर्मचारी, जनप्रतिनिधि/पदाधिकारीहरुले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पतिको विवरण बुझाउनुपर्ने व्यवस्था रहेको हुँदा मोलुङ गाउँपालिका तथा गाउँपालिका अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिले देहाय बमोजिम गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल:</u>

१. गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि तथा पदाधिकारी, लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा नियुक्ति भएका कर्मचारी, अन्य सेवाबाट स्थानीय तहमा समायोजन भएका कर्मचारी, करार सेवामा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारी, करार सेवामा कार्यरत कर्मचारीले तोकिए बमोजिमको ढाँचामा विवरण भरी प्रशासन शाखामा सम्पत्ति विवरण पेश गर्नु पर्नेछ ।

२. साविकमा सरकारी सेवामा कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस गाउँपालिकामा समायोजन भएका कर्मचारीले साविक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा नै सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

३. अध्ययन, असाधारण र अन्य बिदा, तालिम, काज वा निलम्बनमा रहेका कर्मचारीले समेत सार्वजनिक पद धारण गरेकै अवस्था हुने भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० (१) बमोजिम आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

४. साथै तोकिएको समयावधि भित्र सम्पति विवरण पेश नगरेमा रु. १०,०००।- जरिवानाका साथ पुनः सम्पत्ति विवरण पेश गर्नुपर्ने भएकोले सम्बन्धित सबैले तोकिएको अवधिभित्र अनिवार्य सम्पति विवरण पेश गर्नु हुन समेत अनुरोध छ ।

५. राष्ट्रिय किताबखाना (निजामती) हरिहरभवन, ललितपुरको मिति २०८२/०३/१० को सूचना बमोजिम सम्पत्ति विवरण फाराम भरी ४९ इन्चको खाम बाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी पठाउनु पर्नेछ।

Phone: 9852840501, 9852840505,Website:www.molungmun.gov.np,E-mail:- molungrm@gmail.com

"कृषि र पर्यटनमा आधारित समृद्ध मोलुङ"

# मोलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्राप्पा, ओखलढुङ्गा

प.सं: २०८१/०८२

सू.नं.: ६९

कोशी प्रदेश, नेपाल

(क) सार्वजनिक पद धारण गरेका व्यक्ति वा राष्ट्रसेवकले सम्पति विवरणको खामको वाहिर लेख्ने विवरण:

आर्थिक वर्ष २०८१/०८२ को सम्पत्ति विवरण:

कर्मचारीको संकेत नं.: ................................

नाम, थर: ..............................................  पद/दर्जा: ........................................

सेवा समूह: ..............................................  श्रेणी/तह: ........................................

कार्यरत कार्यालय: ....................................  मोवाईल नम्वर: ................................

ईमेल ठेगाना: ...........................................

(ख) जनप्रतिनिधि/पदाधिकारीले सम्पत्ति विवरणको खामको वाहिर लेख्ने विवरण:

आर्थिक वर्ष २०८१/०८२ को सम्पत्ति विवरण:

नाम, थर: ..............................................  प्रदेश: ..............................................

जिल्ला: ..................................................  स्थानीय तहको नामः ..........................

हालको पद/दर्जा: .....................................  वडा नम्वर: ....................................

मोवाईल नम्वर: ........................................  ईमेल ठेगाना: ...................................

.......................................

ओशो कर्ण

प्रमुख प्रशासकीय अधिकृत



CamScanner